मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.:

मितिः- २०७७/०७/२०

# विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोकथाम तथा नियन्त्रण गर्नका लागि मंगला गाउँपालिकाको कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण समन्वय समितिवाट गठित कार्यदलका संयोजक एव मंगला गाउँपालिका अध्यक्ष श्री सत प्रसाद रोकाको अध्यक्षतामा वसेको कार्यदलको मिति २०७७/०७/२० को वैठकको निर्णय अनुसार छिमेकी स्थानीय तहहरुलेगरेको वन्दावन्दीको कारण वैंक तथा वित्तिय क्षेत्र, प्रशासनिक कामकारवाहीले आवतजावतमा अत्याधिक वृद्धी भएको हुँदा उक्त कार्यवाट यस गाउँपालिका क्षेत्रमा जोखिम उच्च हुन सक्ने कुरालाई मध्येनजर गरी तपशिलमा उल्लेखित वुदाँहरुलाइ संलग्न गरी मंगला गाउँपालिका क्षेत्रमा मिति २०७७ कार्तिक २० गते राति १२.०० वजे देखि २०७७ मंशिर ०१ गते राति १२.०० सम्मलाइ वन्दा वन्दी (Lock down) गरिएकाले तपशिलमा उल्लेखित वुदाँहरुलाइ प्रभावकारी कार्यान्वयन गर्नका लागि मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको परिवार हार्दिक अनुरोध गर्दछौं ।

तपशिल

१. वन्दा वन्दी (Lock down) को प्रभावकारी कार्यान्वन गर्न आवश्यक सहयोग तथा प्रचार प्रसार गर्न गराउनु हुन आम मंगलावासी नागरिक, जनप्रतिनिधी, स्थानीय राजनितिक दलका प्रमुख तथा प्रतिनिधी, उद्योगि व्यापारी, स्थानीय संघ संस्था, युवा क्लव, वित्तिय संघ संस्था, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, संचारकर्मी र कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण टोल स्तरीय समिति सवैमा अनुरोध गर्दछौं ।

२. अति आवश्यक खाद्यान्न, दुध डेरी, फलफुल तथा तरकारी, फ्रेसहाउस विहान ७.०० वजे देखि १०.०० वजे सम्म खुल्ला गरि विक्रि वितरण गर्ने, औषधी पसल वाहेक अन्य पसलहरु पूर्ण रुपमा वन्द गर्नेगराउने ।

३. वैंक तथा वित्तिय संस्था, सहकारीहरुको सेवा प्रवाह वन्द गर्ने ।

४. शैक्षिक संस्थाहरु पूर्णरुपमा वन्द गर्ने ।

५. वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयको अति आवश्यक सेवा वाहेक अन्य सेवाहरु पूर्ण रुपमा वन्द गर्ने

६. शुभ दिपावली २०७७ को उपलक्ष्यमा हुने देउसी भैलो, पिङ, लुडो र ताराहान्ने खेलहरु लगाएत सम्पूर्ण खेलकुद कार्यक्रमहरु वन्द गर्ने साथै शुभ दिपावली २०७७ पर्व जो जहाँ छौं सोही स्थानवाट मनाउने/मनाउन लगाउने ।

७. समुदायमा घरवाहिर ३ जना वा सो भन्दा वढी व्यक्तीहरुको भेला तथा जमघट नगर्ने/ नगराउने ।

८. समुदाय स्तरमा कोभिड-१९ सम्वन्धी सचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने ।

९.टोल स्तरीय समिति मार्फत समुदायमा भएका गतिविधिहरु अनिवार्य रुपमा वडा कार्यालय मार्फत गाउँपालिकामा प्रतिवेदन गर्ने/गराउने ।

१०. स्वास्थ्य सुरक्षा मापदण्ड भित्र रही सामाजिक दुरी कायम गर्ने/गराउने र मास्कको प्रयोग अनिवार्य रुपमा गर्ने यदि नगरेको खण्डमा संक्रमण ऐन २०२० अनुसार कार्वाही हुने ।

..................
(सत प्रसाद रोका)
मंगला गाउँपालिका अध्यक्ष